## अजयमेरु गाउँपालिका आधारभूत तह (कक्षा ६-८) को

## स्थानीय पाठ्यक्रम

# हाम्रो अजयमेरु

**२०७९**

## अजयमेरु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## भद्रपुर, डडेल्धुरा

## सुदूरपश्चिम प्रदेश, नेपाल

ISBN

© अजयमेरु गाउँपालिका

अजयमेरु गाउँपालिकाको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन । पाठ्यक्रम सम्बन्धमा सुझाव भएमा अजयमेरु गाउँपालिका शिक्षा शाखामा पठाइदिनुहुन अनुरोध छ ।

**प्रथम संस्करण : २०७९**

**मुद्रणः कैललपाल प्रिन्टिङ प्रेस,डडेल्धुरा फोन ०९६-४१०११६**

# अजयमेरु गाउँपालिका आधारभूत तह कक्षा ६-८ को
# स्थानीय पाठ्यक्रम २०७९

# हाम्रो अजयमेरु

## अजयमेरु गाउँपालिका
## भद्रपुर, डडेल्धुरा

Email:ajayamerugaupalika@gmail.com

Website:ajayamerumun.gov.np

Facebook page:अजयमेरु गाउँपालिका

# प्राक्कथन

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना, सहभागितामा र उनीहरु कै विज्ञतामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय स्तरमा भएका ज्ञान, सीप, प्रविधि, संस्कृति, परम्परा, धर्म, जातजाति, भेषभुषा, भाषाभाषी, र विविधताको समस्टीगत रुप स्थानीय पाठ्यक्रम हो । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रमले स्थानीय तहका विशिष्टताको पहिचानहरु समेट्न नसक्ने हुँदा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन आवश्यक रहेको छ ।

वर्तमान सन्दर्भमा नेपालको संविधान २०७२ को भाग ३ धारा ३१ मा शिक्षा सम्बन्धी हकको उपधारा ५ मा मातृभाषामा शिक्षा पाउने व्यवस्था गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ र २०७६ तथा स्थानीय पाठ्यक्रम प्रारुप २०७१ मा पनि स्थानीय पाठ्यक्रम सम्बन्धी प्रावधान राखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन बारे उल्लेख गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सीप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यघण्टा ५ र वार्षिक कार्यघण्टा १६० कायम गरको छ । यसै अनुरूप तयार गरिएको आधारभूत तह (कक्षा १ देखि ३) को एकीकृत पाठ्यक्रम २०७६ मा ५ पाठ्यघण्टाको मातृभाषिक सीप/स्थानीय विषयवस्तुका लागि स्थानीय तहले नै पाठ्यक्रम छनोट तथा विकास गरी कार्यान्वय गर्नुपर्ने उल्लेख गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा आधारभूत तह कक्षा ४-८ मा मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तु पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ तोकिएको छ । स्थानीय स्रोत साधन र स्थानीय स्तरका संस्कृति, सभ्यता, परम्परा, भेषभुषा, पेसा, रहनसहन, व्यवसायको पहिचान संरक्षण तथा संवर्द्धन, स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको पहिचान, संरक्षण तथा संवर्द्धन लगायतका विषयवस्तु समेटिने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता बढ्दै गइरहको छ । यस गाउँपालकिामा निर्माण गरि लागू गरिएका कक्षा १ - ३ को एकीकृत ढाँचाको पाठ्यक्रम र कक्षा १ -५ को पाठ्यक्रममा अजयमेरुको समग्र भौगोलिक, प्रशासनिक, एतिहासीक र धार्मिक कला कौशलहरु लगाएतका पेसा, व्यवसायहरु समावेस गरिएको र आधारभूत तह कक्षा ६-८ मा समग्र सुदूरपश्चिम प्रदेशको पहिचान हुने गरी पाठ्यक्रम निर्माण गर्ने प्रयास गरएिको छ । सुदूरपश्चिम प्रदेशको भौगोलिक, प्रशासनिक, ऐतिहासीक र धार्मिक कला कौशलहरु लगाएतका पेसा, व्यवसायहरु र पर्यटन क्षेत्र र सम्भावना समावेस गरिएको छ । यस पाठ्यक्रम निर्माणमा प्रत्यक्ष एवम् परोक्ष रुपमा संलग्न पाठ्यक्रम निर्माण कार्यदल, समाजसेवी, बुद्धिजीवी, प्रधानाध्यापक, शिक्षक लगायत सम्पूर्ण सरोकारहरुप्रति हार्दिक आभार व्यक्त गरिन्छ । साथै पाठ्यक्रमलाई थप व्यवस्थित, सान्दर्भिक, समसामयिक र कार्यान्वयन योग्य बनाउन सरोकारवाला पक्षहरुको रचनात्मक सल्लाह एवम् सुझावको अपेक्षा गरिन्छ ।

पाठ्यक्रम निर्माण कार्यदल

# विषय सूचि


१. परिचय

२. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

३. आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम संरचना

४. कक्षा ६-८ का तहगत सक्षमताहरु

५. स्थानीय पाठ्यक्रम हाम्रो अजमेरुको तहगत सक्षमता

६. एकाइगत पाठ्यभार वितरण तालिका

७. विद्यार्थी मूल्यांकन प्रक्रिया

८. पाठ्यक्रम कार्यान्वयन योजना

९. क्षेत्र र क्रम

१०. सिकाई उपलब्धी तथा बिषयबस्तु विस्तृतीकरण

१०.१ विषयबस्तुको विस्तृतीकरण कक्षा ६

१०.१ विषयबस्तुको विस्तृतीकरण कक्षा ७

१०.१ विषयबस्तुको विस्तृतीकरण कक्षा ८

११. सिकाइ सहजीकरण क्रियाकलाप

१२. विद्यार्थी मूल्याङ्कन

१३. आधराभूत तह कक्षा ८ विशिष्टिकरण तालिका

# परिचय

## १. परिचय

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रियाअनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रूपमा पाठ्यक्रम रहेको हुन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा ६-८) मा स्थानीय पाठ्यक्रम नर्माण गरि लागू गर्ने व्यवस्थाअनुसार अजयमेरु गाउँपालिकाले शैक्षिक सत्र विद्यालय २०७९ देखि परिक्षणमा आउने गरि कक्षा ६-८ मा लागू गर्ने गरि **हाम्रो अजयमेरु** नामक स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तुलगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्वहरू समावेश गरिएको छ । यसमा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृत्तिसहितका सक्षमताहरू समेटिएको छ । अजयमेरु गाउँपालिकामा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रम **हाम्रो अजयमेरु** कक्षा १-५ समेत यस पाठ्यक्रम निर्माणको आधार लिइएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा आधारलाई विचार गरी आधारभूत तह अन्तर्गत कक्षा ६-८ को स्थानीय पाठ्यक्रम तयार गरिएको छ । यस पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना, आधारभूत शिक्षाका तहगत सक्षमता (कक्षा ६-८) समावेश गरिएको छ साथै अजयमेरु गाउँपालिकाले निर्माण गरेको आधारभूत (कक्षा ६-८) को स्थानीय पाठ्यक्रम **हाम्रो अजयमेरु** को तहगत सक्षमता समावेश गरिएको छ । यस पाठ्यक्रममा अजयमेरु गाउँपालिका सहित समग्र सुदूरपश्चिम प्रदेशको परिचय समावेश गरिएको छ ।

## २. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन्:

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने ।

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी,सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान्एवम्जिम्मेवार नागरिक तयार गर्ने ।

(ग) श्रमप्रति सम्मान एवम्सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने ।

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने ।

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने ।

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने ।

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ।

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने ।

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने ।

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने ।

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम्मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद्व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने ।

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ३. आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम संरचना

| क्र.स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

## ४. कक्षा ६-८ का तहगत सक्षमताहरु

आधारभूत शिक्षा (कक्षा ६-८) का सक्षमता देहायबमोजिम हुने छन् :

क. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास

ख. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान

ग. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

घ. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

ङ . तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्तिको विकास र प्रयोग

च. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

छ. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास

ज. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनम सहयोग

झ. शारीरिक तन्दुरुस्ती,स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) विकास

ञ. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills)

ट. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको प्रयोग

ठ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक तथा भौगोलिक परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार

ड. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## ५. स्थानीय पाठ्यक्रम हाम्रो अजयमेरुको तहगत सक्षमता

स्थानीय पाठ्यक्रम  आधारभूत शिक्षा (कक्षा ६-८) का सक्षमता देहायबमोजिम हुने छन् :

१. अजयमेरुको भौगोलिक, जनसंख्या, सांस्कृतिक तथा प्रशासनिक स्थितिको ज्ञान ।

२. स्थानीय प्रविधि, पेसा तथा व्यावसाय लगायत स्थानीय आर्थिक क्रियाकलापको अवलोकन गरी त्यसको प्रयोग तथा संरक्षणमा सहभागिता ।

३. आफ्नो गाउँपालिका, जिल्ला र प्रदेशका विकास कार्यको परिचय दिइ दिगो विकासको सम्भावना बारे अवगत ।

४.  आफ्नो गाउँपालिका, जिल्ला र प्रदेशमा प्रचलनमा रहेका भाषा, चाडपर्व, संस्कृति, चाल चलन तथा पहिरनका साथै सांस्कृतिक सम्पदाहरुको महत्व बारेमा ज्ञात ।

५. आफ्नो पालिका र प्रदेशस्तरका ख्याति प्राप्त व्यक्तित्वहरुको कामबाट प्रेरणा लिई उनीहरुको सम्मान गर्न ।

६. स्थानीय तथा प्रदेशस्तरका मुख्य मुख्य धार्मिकस्थल तथा सास्कृतिक पक्षहरुले विकासमा गरेको योगदानका साथै त्यस्ता सम्पदाहरुको संरक्षण तथा विकासमा सरिक  ।

७. सुदूरपश्चिम प्रदेशस्तरका ऐतिहासिक,  प्राकृतिक तथा सास्कृतिक सम्पदाहरुको महत्व ।

८. सुदूरपश्चिमको नक्सा बनाई यसको भौगोलिक, प्राकृतिक तथा प्रशासनिक पक्षहरु बारे जानकारी प्राप्त गर्न ।

९. विपद् व्यवस्थापन बारे जानकार भई विपदका कारणहरु पहिचान गरी यसबाट हुने क्षति न्यूनिकरणका उपायहरु अपनाउन र प्रकृतिको संरक्षणका लागि हरित वातावरण बनाउने कार्यमा योगदान पुऱ्याउन ।

## ६. एकाइगत पाठ्यभार वितरण तालिका

| क्रस | शीर्षक | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | अजयमेरुको परिचय | २५ | २५ | २५ |
| २ | हाम्रो आर्थिक क्रियाकलापहरु | १३ | १३ | १३ |
| ३ | हाम्रा विकास कार्यहरु | १८ | १८ | १८ |
| ४ | हाम्रा संस्कृति, परम्परा र मूल्यमान्यता | १६ | १६ | १६ |
| ५ | सामाजिक ख्याति प्राप्त व्यक्तित्व | ८ | ८ | ८ |
| ६ | हाम्रा प्राकृतिक ऐतिहासिक तथा धार्मिक सम्पदाहरु | १५ | १५ | १५ |
| ७ | हाम्रो सुदूरपश्चिम | २५ | २५ | २५ |
| ८ | विपद् व्यवस्थापन र हरित विद्यालय | ८ | ८ | ८ |

## ७. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

**(क) आन्तरिक मूल्याङ्कन :** आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको आन्तरिक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

आन्तरिक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

**(ख) निर्णयात्मक मूल्याङ्कन :** आधारभूत तह (कक्षा ६ –८) मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ :

(अ) आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

(आ) निर्णयात्मक मूल्याङ्कनका अन्य आधार पाठ्यक्रममा तोकिएअनुसार हुने छन् ।

(इ) परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

## ८. पाठ्यक्रम कार्यान्वयन योजना

**राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मार्गदर्शनका आधारमा विकास गरीएको पाठ्यक्रम निम्नानुसार परीक्षण तथा कार्यान्वयन हुनेछः**

| कक्षा | शैक्षिक वर्ष २०७९ | शैक्षिक वर्ष २०८० | शैक्षिक वर्ष २०८१ |
|---|---|---|---|
| ६ | परीक्षण | कार्यान्वयन | |
| ७ | परीक्षण | कार्यान्वयन | |
| ८ | | परीक्षण | कार्यान्वयन |

## ९. क्षेत्र र क्रम

**विषयबस्तुको क्षेत्र र क्रम तलको तालिकामा प्रस्तुत गरीएको छः**

| क्रस | क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कैफियत |
|---|---|---|---|---|---|
| १ | अजयमेरुको परिचय | १. अजयमेरुको भौगोलिक अवस्थिति (अक्षांस र देशान्तर समेत, सिमाना, वनावट)<br>२. अजयमेरुमा रहेका प्राकृतिक स्रोत साधन तथा हावापानी<br>३. अजयमेरुको प्रशासनिक विभाजन तथा वडा सम्बन्धी परिचय तथा कार्यहरु<br>४. अजयमेरुको जनसंख्या | १. अजयमेरुको संक्षिप्त ऐतिहासीक परिचय<br>२. अजयमेरु गाउँपालिकाका छमेकी पालिकाहरु<br>३. यस गाउँपालिका भित्रका मुख्य प्राकृतिक स्रोतहरु ।<br>४. अजयमेरु गाउँपालिकाको वडागत तथा लैंगिक जनसंख्या विवरण | १. अजयमेरुको नक्सा तथा मुख्य मुख्य ठाउँहरु (नक्सा, सिमाना, संरचना)<br>२. अजयमेरुको सिमाना र प्राकृतिक सम्पदा<br>३. अजयमेरु गाउँपालिकाको नामाकरणको ऐतिहासिक पक्ष<br>४. अजयमेरु र डडेल्धुरा जिल्लाको जनसंख्या तुलना | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | हाम्रो आर्थिक क्रियाकलापहरु | १. स्थानीय परम्परागत पेसा व्यवसायहरु ।<br>२. प्रमुख उत्पादनको सूचि बनाउन ( कृषि, पशुपन्छी, प्राकृतिक तथा औद्योगिक ) ।<br>३. स्थानीय सीप, कला र रोजगारीको महत्व बारे बताउन । जस्तैः डोको डालो बनाउने, सिलाइ कटाइ, माटोको भाँडा बनाउने, घट्ट आदि ।<br>४. जडिवुटी र स्थानीय व्यावसाय बारे जानकारी दिन ।(पर्यटकीय व्यवसाय)<br>५. सेवाको परिचय, महत्व र प्रकारको वर्गिकरण । | १. पेसा व्यासायको महत्व साथै जिल्लास्तरमा संचालित तालिमहरु ।<br>२. गाउँपालिका लगायत जिल्लामा कृषि, पशुपन्क्षी, प्राकृतिक तथा औद्योगिक उत्पादन हुने क्षेत्रहरु ।<br>३. आफ्नो जिल्ला भित्रका जडिवुटी, परम्परागत व्यवसाय र पर्यटनको सम्भावना ।<br>४. परम्परागत प्रविधि तथा आधुनिक उपकरणको प्रयोग गरी संचालित व्यावसायहरु<br>५. जिल्लामा भएका विभिन्न सीपमूलक कार्यहरु । | १. पेसाले जिवनस्तरमा पार्ने प्रभाव र प्रदेशस्तरमा संचालित तालिमहरु ।<br>२. आफ्नो प्रदेशमा कृषि, पशुपक्षी, प्रकृतिक तथा औद्योगिक उत्पादन हुने प्रमुख क्षेत्रहरु ।<br>३. प्रदेशस्तरमा पाइने तथा विभिन्न जडिवुटी तथा खनिज पदार्थ र पर्यटन व्यवसाय । (हर्वे वर्रो, चिराइतो, फलाम, पर्यटकीय क्षत्रे र व्यसायहरु)<br>४. आफ्नो प्रदेशमा रहेका परम्परागत पेसा प्रविधि तथा आधुनिक उद्योगहरुको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | हाम्रा विकास कार्यहरु | १. विकासको परिचय र महत्व ।<br>२. अजयमेरु गाउँपालिका भित्रका विकास कार्यहरुको सूचि बनाउन।(सडक, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जडिवुटी र विद्युत्त आदि।)<br>३. विकासका आवश्यक स्रोत साधनहरु र सम्भावना।<br>४. दिगो विकासको परिचय | १. जिल्लाका विकास कार्यहरुको परिचय।<br>२. आफ्नो जिल्लाको शैक्षिक तथा भौतिक पूर्वाधारको विकास कार्यहरु।<br>३. आफ्नो पालिका तथा जिल्लाको पर्यटन व्यवसाय र विकास।<br>४. दिगो विकासको परिचय र महत्व। | १. आफ्नो प्रदेश भित्रका विकास कार्यहरु ।<br>२. आफ्नो प्रदेश भित्रका मुख्य मुख्य सडकहरुको नाम र दूरी।<br>३. आफ्ना प्रदेश भित्रका विकासका पूर्वाधारहरु र सम्भावना (शिक्षा, स्वास्थ्य, खानेपानी पर्यटन, उद्योग, जडिवुटी आदि)।<br>४. दिगो विकासको फाइदा र पूर्वाधारहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | हाम्रा संस्कृति, परम्परा र मूल्यमान्यता | १. आफ्नो पालिका भित्र मनाइने मुख्य मुख्य चाडपर्वहरुको परिचय र महत्व ।<br>३. स्थानीय सामाजिक तथा धार्मिक संस्कारहरुको (जन्म, व्रतवन्ध, मृत्यु, जीवनशैली आदि )।<br>४. समाजिक मूल्य मान्यताको र तिनका सकारात्मक पक्षहरु तथा विविधता ।<br>५. स्थानीय तथा जिल्लास्तरमा प्रयोग गरीने भाषा, वाजा, गीत, परिकारहरु तथा नृत्यमा (गौरा नाच, हुड्के नाच, दमाह, ढोलक....) । | १. हाम्रो जिल्ला भित्र मनाइने मुख्य मुख्य चाडपर्वहरुको परिचय र महत्व ।<br>२. हाम्रा सामाजिक संस्कारहरु (जन्म, व्रतवन्ध, मृत्यु आदि )।<br>३. हाम्रा मौलिक परिकार तथा पर्वहरु तथा पहिरन । (सेलरोटी, खिर, माडा, खिचडी, गौरा, विसु आदि ।)<br>४. हाम्रा जिल्ला अन्तरगत मनाइने चाडपर्वहरु । (भाषा, वाजा, गीत, परिकारहरु तथा नृत्य) | १. हाम्रो प्रदेश भित्र मनाइने मुख्य मुख्य चाडपर्वहरुको पृष्ठभूमि र महत्व ।(गौरा, भुवा, दशैं, तिहार र होली आदि ।) र संस्कार तथा पहिरन र नृत्यहरु ।<br>३. सामाजिक तथा धार्मिक संस्कारहरुको महत्व तथा मनाउने तरिका ।<br>४. सामाजिक मूल्य मान्यताका नकारात्मक पक्षहरु र निराकरणका उपायहरु ।<br>५. आफ्नो प्रदेशस्तरका सांस्कृतिक भाषिक र धार्मिक विविधता । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सामाजिक ख्याति प्राप्त व्यक्तित्व | १. अजयमेरु गाउँपालिकाका सामाजिक र राजनैतिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुको सामाजिक तथा शैक्षिक लगायत अन्य क्षेत्रमा पुऱ्याएको योगदान।<br>२. गाउँपालिकास्तरका सामाजिक क्षेत्रमा योगदान पुऱ्याएको व्यक्तिको जीवनी।<br>जस्तैः जयराज भट्ट, मदनराज भट्ट | १. डडेल्धुरा जिल्ला भित्रका सामाजिक र राजनैतिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरु।<br>२. डडेल्धुरा जिल्ला भित्रका सामाजिक र राजनैतिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुले समाजमा पुऱ्याएको योगदानको चर्चा तथा जीवनी। जस्तैः जयराज भट्ट, भीमदत्त पन्त, डा. केआइ सिंह, शेरबहादुर देउवा | १. आफ्नो प्रदेश भित्रका सामाजिक र राजनैतिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरु।<br>२. आफ्नो प्रदेश भित्रका सामाजिक र राजनैतिक तथा खेलकुद क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुले समाजमा पुऱ्याएको योगदानको र जीवनी। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ह्म्रा प्राकृतिक ऐतिहासिक तथा धार्मिक सम्पदाहरु | १. आफ्नो वरपरको ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरुको परिचय, महत्व र संरक्षणका उपायहरु । जस्तैः कोट, गढी, किल्ला, दरवार, गुफा, खानीहरु ।<br>२. सामुदायिक, धार्मिक क्षेत्रहरु ।<br>४. आफ्नो प्रदेश अन्तरगत रहेका जिल्लाका धार्मिक तथा ऐतिहासिक क्षेत्रहरुको नाम र सामान्य परिचय । | १. आफ्नो जिल्लाका ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरु । (ताल, नदी, हिमाल तथा धार्मिक स्थलहरु र दरवार)<br>२. आफ्नो प्रदेशका प्राकृतिक,ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको विशेषताहरु ।<br>४. आफ्नो प्रदेशमा रहेका प्राकृतिक,ऐतिहासिक तथा धार्मिक सम्पदाहरुले यस क्षेत्रको विकासमा पारेको प्रभाव । | १. आफ्नो प्रदेशका ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाको अवस्था र महत्व र त्यस्ता सम्पदाहरुको पर्यटकीय महत्व । जस्तैः कोट, गढी, किल्ला, दरवार, गुफा, खानीहरु ।<br>३. राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरु ।<br>४. आफ्नो प्रदेशमा रहेका राष्ट्रिय सम्पदाहरुर संरक्षणमा सरोकारवालाहरुको भुमिका । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | हाम्रो सुदूरपश्चिम | १. सुदूरपश्चिम प्रदेशको भौगोलिक वनावट र अवस्थिति (अक्षांश र देशान्तर)<br>२. प्रदेश भित्रका पर्यटकीय स्थलहरु (हिमाल, आरक्षण, दरवार आदि ।)<br>३. प्रदेशमा रहेका सबै जिल्लाको नाम तथा जिल्ला सदरमुकाम ।<br>४. प्रदेशस्तरका ताल तलैया, नदीनालाहरु, तथा हिमालहरु ।<br>५. प्रदेशको राजनैतिक तथा प्रशासनिक विभाजन (गाउँपालिका र नगरपालिका) । | १. सुदूरपश्चिम प्रदेशका जिल्लाहरुको भौगोलिक वनावट र अवस्थिति ।<br>२. प्रदेश भित्रका सबै पर्यटकीय स्थलहरु (हिमाल, आरक्षण, दरवार आदि ।)<br>३. प्रदेश भित्रका औद्योगिक तथा व्यापारिक केन्द्रहरु ।<br>४. प्रदेशस्तरका ताल तलैया, नदीनालाहरुको उदगम स्थलहरु र सहायक नदीहरु तथा हिमालहरु ।<br>५. प्रदेशको संघीय तथा प्रदेश निर्वाचन क्षेत्रको विभाजन तथा संख्या । | १. सुदूरपश्चिम प्रदेश र आफ्नो जिल्लाको नक्सा बनाउने र मुख्यमुख्य ठाउँहरु ।<br>२. प्रदेश भित्रका सबै पर्यटकीय स्थलहरु तथा यस्ता स्थलहरुको संवर्धन गर्ने उपायहरु तथा सामाजिक र आर्थिक क्षेत्रमा पार्ने महत्व तथा प्रभावका साथै आर्थिक जनजिवनमा प्रदेश भित्रका औद्योगिक तथा व्यापारिक केन्द्रहरुको सम्भाव्य तथा चुनौतीहरु ।<br>४. प्रदेशस्तरका ताल तलैया, नदीनालाको उपयोग तथा तिनीहरुले निमत्याउने जीखिम एव् सुरक्षाका उपायहरु ।<br>५. प्रदेशको प्रदेश सभा तथा प्रदेश कार्यपालिकाको परिचय र भूमिका । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | विपद् व्यवस्थापन र हरित विद्यालय | १. विपद्को परिचय र वर्गिकरण।<br>२. सुरक्षित विद्यालय व्यवस्थापनका ।<br>३. हरित विद्यालय र वालक्लब। | १. विपद्को कारण पर्न सक्ने असरहरु।<br>२. विपद् व्यवस्थापनका विभिन्न संघस्थाहरु र बालक्लबको भूमिका।<br>३. तिन तारे विद्यालयका आधारहरु। | १. विपद्को कारण र विपद न्यूनिकरणका उपायहरु तथा प्राकृतिक र मानवीय कारणले आइपर्ने विपद र यसले सामाजिक तथा आर्थिक क्षेत्रमा पार्ने असर ।<br>३. तिन तारे विद्यालयको व्यवस्थापन र यसको दिगोपनका चुनौतीहरु। | |

## १०. सिकाई उपलब्धी तथा बिषयबस्तु विस्तृतीकरण

### १०.१ विषयबस्तुको विस्तृतीकरण

**यस विषयमा कक्षागत रुपमा बालबालिकाले हासिल गर्ने सिकाइ उपलब्धीहरुलाई विशिष्ट उद्देश्यका रुपमा प्रस्तुत गरीएको छ । सिकाइ उपलब्धी / विषयवस्तु विस्तृतीकरण तालिकामा प्रस्तुत गरीएको छः**

**कक्षाः६**

| क्रस | क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | अजयमेरुको परिचय | १. अजयमेरुको भौगोलिक अवस्थिति (अक्षांश र देशान्तर समेत) बताउन<br>२. अजयमेरुमा रहेका प्राकृतिक स्रोत साधन तथा हावापानी बारे बताउन।<br>३. अजयमेरुको प्रशासनिक विभाजन तथा वडा सम्बन्धी परिचय तथा कार्यहरु।<br>४. अजयमेरुको वडागत तथा | १. अजयमेरुको अवस्थिति तथा भौगोलिक अवस्था<br>२. गाउँपालिका भित्र रहेका प्राकृति सम्पदाहरु र मौसम<br>३. अजयमेरुको प्रशासनिक विभाजन तथा वडा कार्यालयका कार्यहरु | १. विद्यार्थीहरुलाई गाउँपालिकाको अवस्थिति बारे सोध्ने र परिचय दिन लगाउने।<br>२. गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोतहरुको सूचि बनाउन लगाई तिनीहरुको अवस्थिति बारे भन्न लगाउने।<br>३. प्रशासनिक विभाजन बारे जानकारीको दिइ वडा कार्यालयहरुको केन्द्र, नाम र कार्य | १. अजयमेरु गाउँपालिकाको नक्सा<br>२. गाउँपालिकाको वडागत विभाजन तथा वडागत नाम<br>३. वडा कार्यलयको सूचि<br>४. राष्ट्रिय जनगणना सम्बन्धी जानकारी | १. अजयमेरुको अक्षांस र देसान्तर लेख्नुहोस्।<br>२. अजयमेरुलाई कति वडामा विभाजन गरीएको छ ? नाम सहित भन्नुहोस् ।<br>३. यस पालिका भित्र रहेका कुनै ४ मुख्य प्राकृतिक सम्पदाको नाम भन्नुहोस्। | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | लैंगिक जनसंख्या वताउन। | ४. अजयमेरुको जनसंख्या | बारे छलफल गर्ने।<br>४. राष्ट्रिय जनगणना सम्बन्धी चार्ट प्रयोग गरी वडागत जनसंख्या बारे जानकारी दिई छलफल गर्ने। | | ४. अजयमेरुको महिला र पुरुषको जम्मा जनसंख्या भन्नुहोस्। | |
| २ | हाम्रो आर्थिक क्रियाकलापहरु | १. स्थानीय पेसा व्यवसायको परिचय दिन।<br>२. अजयमेरु गाउँपालिका भित्रका प्रमुख उत्पादनको सूचि बनाउन ( कृषि, पशुपन्छी, प्राकृतिक तथा औद्योगिक )।<br>३. स्थानीय सीप, कला र रोजगारीको महत्व बारे बताउन।<br>४. गाउँपालिकामा रहेका जडिवुटी र स्थानीय व्यावसाय बारे  जानकारी दिन।(पर्यटकीय व्यवसाय समेत) | १. पेसा व्यावसायको परिचय<br>२. कृषि उत्पादन, तरकारी, फलफुल लगायत अन्यवाली<br>३. नाङ्ग्लो, डोको, जुत्ता, डोरी तथा विभिन्न भाडाकुडा निर्माण<br>४. गाउँपालिकामा भएका सम्भाव्य पर्यटकीय व्यवसाय तथा स्थानीय जडिवुटी<br>५.  सरकारी तथा गैर सरकारी सेवा ( शिक्षक, | १. पेसाको परिचय सहित कक्षामा छलफल चलाउने।<br>२. स्थानीयस्तरमा उत्पादन हुने कृषि उत्पादन, तरकारी, फलफुल लगायत अन्यवालीको बारेमा जानकारी माग्दै यस्ता उत्पादनले आर्थिक उपार्जनमा ल्याएको सकारात्मक पक्षहरुबारे विद्यार्थीहरुबाट जानकारी माग्ने।<br>३. स्थानीयस्तरमा उत्पादन तथा निर्माण गरीने सामग्री निर्माण कार्यको भिडियो वा तस्वीर प्रर्दशन गरी सम्भव भए अवलोकन गराउने<br>४. गाउँपालिका भित्र पाइने सबै | १. चार्ट<br>२. पोष्टर<br>३. भिडियो<br>४. चित्रहरु<br>५. स्थानीय जडिवुटीहरु<br>६. पर्यटकीय स्थलको चित्र तथा भिडियो | निम्नलिखित प्रश्नका आधारमा मूल्यांकन गर्नुहोस्<br>१. पेसा भनेको के हो ?<br>२. स्थानीयस्तरमा पाइने कुनै ५ ओटा जडिवुटीहरुको नाम लेख्नुहोस्।<br>३. स्थानीय उत्पादनको महत्व लेख्नुहोस्।<br>४. स्थानीय सेवाहरु के के हुन ?<br>५. स्थानीय स्तरमा उत्पादन तथा निर्माण | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ५. सेवाको परिचय, महत्व र प्रकारको वर्गीकरण बारे बताउन । | डाक्टर, व्यापारी, किसान आदि ।) | खाले जडिवुटीहरुको विक्री तथा प्रयोगबारे जानकारी माग्दै त्यस्ता पदार्थहरु पाइने ठाउँ बारे जानकारी गराउने ।<br>५. गाउँपालिका भित्र पर्यटकीय व्यवसायको सम्भावना र महत्व बारे छलफल चलाउने ।<br>६. सेवाको परिचय सहित प्रकार बारे उदाहरण प्रस्तुत गर्ने । | | गरीने कृषि वा गैर कृषि सामग्रीको नामलेखी त्यस्ता वस्तुहरुको सम्भावय बजार बारे लेख्नुहोस्र । | |
| ३ | हाम्रा विकास कार्यहरु | १. विकासको परिचय र महत्व बताउन ।<br>२. अजयमेरु गाउँपालिका भित्रका विकास कार्यहरुको सूचि बनाउन ।(सडक, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जडिवुटी र विद्युत्त आदि । )<br>३. विकासका आवश्यक स्रोत साधनहरु र सम्भावना । | १. विकासको परिचय तथा महत्वका साथै आफ्नो गाउँपालिका भित्र सम्पन्न भएका र हुँदै गरेका विकासका कार्यहरु ।<br>२. आफ्नो गाउँपालिकाको विकासका सम्भावनाका | १. विकासको परिचय र महत्व बारे विद्यार्थीहरुलाई सोध्ने ।<br>२. अजयमेरु गाउँपालिका भित्र भएका विकास कार्यहरुको बारेमा अर्को जिल्ला वा प्रदेशमा रहेको साथीलाई चिठी लेख्न लगाउने ।<br>३. गाउँपालिकाको विकासका सम्भावनाहरुबारे उल्लेख गरी गाउँपालिका अध्यक्षलाई चिठी | १. विकासका पूर्वाधारहरुको सूचि<br>२. विकसित ठाउँको भिडियो<br>३. चित्र तथा पोष्टर | निम्नलिखित प्रश्नका आधारमा मूल्यांकन गर्नुहोस्<br>१. विकासको महत्व लेख्नुहोस् ।<br>२. तपाईको स्थानीय स्तरमा भएका कुनै ५ विकास कार्यको नाम लेख्नुहोस् । | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | क्षेत्रहरु।<br>३. गाउँपालिका स्तरमा संचालनमा रहेका महत्वपूर्ण विकासका आयोजनाहरु।<br>४. विकासका पूर्वाधारहरु। | लेख्न लगाउने।<br>४. विकासका पूर्वाधारहरुको सूचि बनाउन लगाई गाउँपालिकाले संचालन गरेका तेस्ता पूर्वाधारहरुको बारेमा छलफल चलाउने। | | ३. जडिवुटीको संकलन तथा प्रसोधन कार्यको लागि गाउँपालिकाको भूमिका लेख्नुहोस्।<br>४. अजयमेरु गाउँपालिकाले कृषि क्षेत्रमा गरेका कार्यहरुको सूचि बनाउनुहोस्। | |
| ४ | हाम्रा संस्कृति, परम्परा र मूल्यमान्यता | १. आफ्नो पालिका भित्र मनाइने मुख्य मुख्य चाडपर्वहरुको परिचय दिन।<br>२. हाम्रा विभिन्न चाडपर्वहरुको परिचय र महत्व बताउन।<br>३. स्थानीय सामाजिक तथा धार्मिक संस्कारहरुको बारेमा बताउन।<br>४. समाजमा रहेका मूल्य | १. गौरा पर्व, वल्के, संक्रान्ती, खखडेहरा, भुँवा लगायतका पर्वहरुको तिथि मिति तथा मनाउने तरिका।<br>२. हाम्रा धार्मिक संस्कारहरु<br>३. हाम्रा मूल्य मान्यताहरु जस्तैः सामाजिक एकता, सेवा, | १. स्थानीय स्तरमा मनाइने चाडपर्वहरुको सूचि बनाउन लगाउने।<br>२. चाडपर्व तथा विभिन्न संस्कार सम्बन्धी गीत तथा श्लोकहरु कक्षाकोठामा गाउन लगाउने।<br>३. स्थानीय बाजागाजाहरु ल्याइ बजाउने र निश्चित संस्कृतिको अभिनय गर्न लगाउने।<br>४. सांस्कृतिक विविधता र | १. भिडियो तथा डकुमेन्ट्री<br>२. चित्र तथा पोष्टर<br>३. अडियो गीत तथा भिडियो<br>४. पहिरन तथा वाजाका चित्र | १. तपाईको मन पर्ने पर्व कुन हो ?<br>२. स्थानीय स्तरमा प्रचलनमा रहेका परिकार/पहिरन/ वाजाहरुको नाम भन्नहोस्।<br>३. गौरा पर्वको अभिनय गर्नुहोस्।<br>४. तपाईको स्थानीय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मान्यताको सूचि बनाई सकारात्मक पक्षहरु तथा विविधताको बारेमा थाहा पाउन ।<br>५. स्थानीय तथा जिल्लास्तरमा प्रयोग गरीने वाजा, गीत, परिकारहरु तथा नृत्यमा सहभागिता हुन । | अतिथि सत्कार, अर्मपर्म, सनातन धर्म, परोपकार आदि र समाजमा यिनको प्रभाव ।<br>४. स्थानीय परिकार तथा पहिरनहरु ।<br>५. स्थानीय गीत, मेला पर्व तथा वाजागाहरुको नाम र प्रयोग । | एकअर्का प्रतिको सद्भाव बारे जानकारी दिने ।<br>५. विभिन्न पर्वमा लगाइने पहिरन तथा खानपिन सम्बन्धी भिडियो वा तस्वीर प्रर्दशन गरी कक्षामा छलफल गेर्ने । | | स्तरमा लगाइने पहिरन र वाजाको सूची बनाउनुहोस् । | १६ |
| ५ | सामाजिक ख्याती प्राप्त व्यक्तित्व | १. अजयमेरु गाउँपालिकाका सामाजिक र राजनैतिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुको पहिचान गरी सम्मान गर्न ।<br>२. अजयमेरु गाउँपालिकाका सामाजिक र राजनैतिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुले समाजमा पुऱ्याएको | १. अजयमेरु गाउँपालिकामा राजनैतिक तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व ।<br>२. अजयमेरु गाउँपालिकामा शैक्षिक | १. अजयमेरु गाउँपालिकाको विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुको सूचि बनाउन लगाउने ।<br>२. अजयमेरु गाउँपालिकाको विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुको जीवनी बारे छलफल गर्ने । | १. ख्याति प्राप्त व्यक्तित्वहरुको फोटो<br>२. चित्र तथा तस्वीर<br>३. भिडीयो आदि ।<br>४. प्रेरणादायी भनाइहरु | १. राजनैतिक तथा सामाज परिवर्तनमा योगदान पुऱ्याउने कुनै एक व्यक्तिको बारेमा लेख्नुहोस् ।<br>२. प्रशनोत्तर ।<br>३. सामाजिक ख्यातीप्राप्त व्यक्तिहरुको जीवनीबाट | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | योगदानको बारेमा बताउन। | क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व<br>३. अजयमेरु गाउँपालिकामा विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व | ३. अजयमेरु गाउँपालिकाको विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुको जीवनीबाट शिक्षा लिई सामाजिक क्षेत्रमा योगदान पुऱ्याइ समाज विकासमा संलग्न हुने बारे जानकारी दिने। | | के प्रेरणा पाउनु भयो ? लेख्नुहोस्। | |
| ६ | हाम्रा प्राकृतिक ऐतिहासिक तथा धार्मिक सम्पदाहरु | १. आफ्नो वरपरको ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाको परिचय दिन।<br>२. ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरुको सूचि बनाइ महत्व बताउन र संरक्षणका उपायहरु बताउन।<br>३. राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरुको विशेषताहरु वताउन।<br>४. आफ्नो प्रदेश अन्तरगत | १.अजयमेरु गाउँपालिकामा रहेका प्राकृतिक सम्पदाहरु।<br>२. अजयमेरु गाउँपालिकामा रहेका ऐतिहासिक सम्पदाहरु।<br>३. अजयमेरु गाउँपालिकामा रहेका धार्मिक सम्पदाहरु<br>४. शुक्लाफाटा राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्ज, अजयमेरु | १. स्थानीय स्तरमा रहेक प्रमुख धार्मिक सम्पदाहरुको सूचि बनाई तिनीहरुको महत्वको बारेमा जानकारी दिने।<br>२. क्षेत्र भ्रमण गर्न लगाई स्थानीय जानकारसँग अन्तरवार्ता गरी जानकारी लिने।<br>३. शुक्लाफाटा राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्जको परिचय तथा विशेषताहरु प्रस्तुत गर्ने।<br>४. सबै जिल्लामा रहेका प्रमुख धार्मिक स्थलहरुको नाम र | १. चित्र तथा पोष्टर<br>२. भिडियो तथा डकुमेन्ट्री<br>३. राष्ट्रिय निकुञ्जको सूचि | १. तपाईको जिल्लामा रहेको प्रमुख धार्मिक स्थलको नाम के हो ?<br>२. ९ वटै जिल्लाका प्रमुख धार्मिक स्थलहरुको नाम लेख्नुहोस्।<br>३. तपाईको स्थानीय स्तरको धार्मिक वा ऐतिहासिक स्थलको संरक्षणमा स्थानीय सरकारले खेलेको | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | रहेका जिल्लाका धार्मिक तथा ऐतिहासिक क्षेत्रहरुको नाम र सामान्य परिचय दिन। | कोट, अमरगढी किल्ला आदि र संरक्षणका उपायहरु।<br>५. ९ वटै जिल्लामा रहेका प्रमुख धार्मिक स्थल र ऐतिहासिक स्थलहरु। | जिल्लाको सूचि बनाउन लगाउने र संरक्षणका उपायहरु बारे सूचि बनाउन लगाउने। | | भूमिका लेख्नुहोस्। | |
| ७ | हाम्रो सुदूरपश्चिम | १. सुदूरपश्चिम प्रदेशको भौगोलिक वनावट र अवस्थिति (अक्षांश र देशान्तर)<br>२. प्रदेश भित्रका पर्यटकीय स्थलहरु (हिमाल, आरक्षण, दरवार आदि।)<br>३. प्रदेशमा रहेका सबै जिल्लाको नाम तथा जिल्ला सदरमुकाम।<br>४. प्रदेशस्तरका ताल तलैया, नदीनालाहरु, तथा हिमालहरुको सूचि बनाउन।<br>५. प्रदेशको राजनैतिक तथा प्रशासनिक विभाजन | १. प्रदेशको भौगोलिक बनावट।<br>२. पर्यटकीय स्थलहरु (जस्तै हिमाल, आरक्षण, दरवार आदि।)<br>३. प्रदेश भित्रका जिल्ला रतिनका सदरमुकामको नाम<br>४. प्रदेश भित्रका स्थानीय तहहरु | १. प्रदेशकोको नक्सा प्रर्दशन गरी छलफल चलाउने।<br>२. प्रदेश भित्रका पर्यटकीय स्थलहरुको महत्व बारे अन्तरक्रिया गर्ने।<br>३. प्रदेशस्तरका ताल तलैया, नदीनालाहरु, तथा हिमालहरुको नाम लेख्न लगाइ स्थानहरु बारे जानकारी दिने।<br>४. प्रदेशको राजनैतिक तथा प्रशासनिक विभाजनको चार्ट प्रस्तुत गरी जानकारी दिने।<br>५. प्रदेशमा रहेका सबै जिल्लाको नाम तथा जिल्ला सदरमुकामको नाम लेख्न लगाउने। | १. नक्सा<br>२. चित्र र तस्वीरहरु<br>३. तालिका<br>४. भिडियो | १. सुदूरपश्चिम प्रदेशमा कति जिल्ला रहेका छन ?<br>२. सुदूरपश्चिम प्रदेशका कुनै ५ मुख्य धार्मिक स्थलहरुको नाम लेख्नुहोस्।<br>३. तराइका जिल्लाहरुको नाम लेखी मुख्य विशेषताहरु उल्लेख गर्नुहोस्।<br>४. सुदूरपश्चिम प्रदेशमा कति स्थानीय तहहरु रहेका छन् ? | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | (गाउँपालिका र नगरपालिकाको)। | | | | | |
| ८ | विपद् व्यवस्थापन र हरित विद्यालय | १. विपद्को परिचय र यसका प्रकार बताउन।<br>२. सुरक्षित विद्यालय व्यवस्थापनका उपायहरु बताउन।<br>३. हरित विद्यालयको परिचय दिन। | १. विपद्को परिचय र यसका प्रकारहरु प्राकृतिक र मानव निर्मित।<br>२. सुरक्षित विद्यालयको परिचय<br>३. सुरक्षित विद्यालय व्यवस्थापनमा सरोकारवालाहरुको भूमिका।(प्रकोप न्यूनिकरणका उपायहरु)<br>४. फूलवारी र करेसावारी | १. विपद् सम्बन्धी चित्र वा भिडियो देखाई प्राकृतिक तथा मानवीय कारणहरु बारे छलफल गराउने।<br>२. सुरक्षित विद्यालय व्यवस्थापनमा अवलम्वन गर्नुपर्ने पक्षहरुको सूचिवनाउन लगनउने।<br>३. विद्यालय हाता भित्रको फूलवारी र करेसावारी निर्माण कार्यमा विद्यार्थीहरुलाई सहभागि गराउने।<br>४. फूलवारी र करेसावारीको महत्व बारे वोध गर्न लगाई विद्यालयको हाता सुन्दर बनाउने बारे जागरुक पार्ने। | १. भिडियो<br>२. चार्ट र तस्वीरहरु<br>३. सूची<br>४. हरित विद्यालयको चित्र | १. मानवीय कारणले आउन सक्ने विपद्हरु उल्लेख गर्नुहोस्।<br>२. विद्यालयमा अपनाउनु पर्ने सुरक्षाका उपायहरु लेख्नुहोस्।<br>३. विद्यालयको व्यवस्थापनमा बाल क्लवको भूमिका भन्नुहोस्।<br>४. फूलवारीका कुनै ५ महत्व लेख्नुहोस्। | ८ |

**१०.२ विषयबस्तुको विस्तृतीकरण कक्षा ७**

| क्रस | क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | अजयमेरुको परिचय | १. अजयमेरुको संक्षिप्त ऐतिहासीक परिचय बताउन<br>२. अजयमेरु गाउँपालिकाका छमेकी पालिका बारे बताउन ।<br>३. यस गाउँपालिका भित्रका मुख्य प्राकृतिक स्रोतको सूचि बनाउन ।<br>४. अजयमेरु गाउँपालिकाको वडागत तथा लैंगिक जनसंख्या वताउन । | १. अजयमेरुको इतिहास<br>२. अजयमेरुका छिमेकी पालिका तथा जिल्लाहरु<br>३. हाम्रा मुख्य मुख्य प्राकृति स्रोतहरु<br>४. पालिकाको वडागत जनसंख्या विभाजन तथा जनसंख्याको आधारमा सानो र ठुलो वडा | १. विद्यार्थीहरुलाई गाउँपालिकाको परिचय दिन लगाउने ।<br>२. पालिकाको नामाकरण बारे विद्यार्थीहरुबाट जानकारी माग्ने ।<br>३. प्राकृतिक स्रोतहरुको सूचि बनाउन लगाई तिनीहरुको अवस्थिति बारे भन्न लगाउने ।<br>४. वडाहरुको नाम र केन्द्र बारे छलफल चलाउने ।<br>४. राष्ट्रिय जनगणना सम्बन्धी चार्ट प्रयोग गरी जनसंख्या बारे जानकारी दिई छलफल गर्ने । | अजयमेरु गाउँपालिकाको नक्सा तथा ऐतिहासिक देवल, कोटको पोष्टर र चित्रहरु<br>डडेल्धुरा जिल्लाको राजनैतिक विभाजन तथा पालिकाहरुको नामको सूचि<br>राष्ट्रिय जनगणना सम्बन्धी जानकारी | १. अजयमेरुको इतिहास छोटकरीमा भन्नुहोस् ।<br>२. यस गाउँपालिकालाई कति वडामा विभाजन गरीएको छ ? नाम सहित भन्नुहोस् ।<br>३. कुनै ६ प्राकृतिक सम्पदाको नाम लेख्नुहोस् ।<br>४. अजयमेरु गाउँपालिकाको जम्मा जनसंख्या भन्नुहोस् । | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | हाम्रो आर्थिक क्रियाकलापहरु | १. पेसा व्यासायको महत्व बताउन साथै जिल्लास्तर मा संचालित तालिमको सूचि बनाउन ।<br>२. गाउँपालिका लगायत जिल्लामा कृषि, पशुपंन्क्षी, प्राकृतिक तथा औद्योगिक उत्पादन हुने प्रमुख क्षेत्र बारे जानकारी प्राप्त गर्न ।<br>३. आफ्नो जिल्ला भित्रका जडिवुटी, परम्परागत व्यवसाय र पर्यटनको सम्भावना बारे वर्णन गर्न ।<br>४. परम्परागत प्रविधि तथा आधुनिक उपकरणको प्रयोग गरी संचालित व्यावसायहरुको बारेमा जानकारी दिन र लिन ।<br>५. जिल्लामा भएका विभिन्न सीपमूलक कार्यहरु बारे बताउन । | १. आर्थिक उन्नति, जीवनस्तर उकास्न स्थानीय पेसा तथा व्यावसायले पारेको प्रभाव ।<br>२. मौरीपालन, सिलाई कटाइ, फलफूल खेती, तरकारी खेती, जुत्ता बनाउने, बाख्रा पालन काष्ठकला तथा विक्री वितरण आदि ।<br>३. स्थानीय जडिवुटी तथा व्यवसायहरु तथा पर्यटकीय सम्भाव्य क्षेत्रहरु (टिमुर, चिराइतो, बोझो, शिलाजित, काष्ठ उद्योग, अजयमेरु कोट, अमरगढी किल्ला आदि ।)<br>४. परम्परागत प्रविधिहरु जस्तै हलो, पानी घट्ट, आरन, ढिकी, जाँतो, कोल लगायतका व्यवसायहरु । | १. पेसा व्यवसायको महत्व बारे छलफल गराउने ।<br>२. आफ्ना छिमेकी तथा स्थानीयस्तरमा सीप मूलक तालिम लिएका व्यक्तिहरुसँग भेटघाट गरी जानकारी माग्ने ।<br>३. कृषि, पशुपालन तथा गैर कृषि लगायतका व्यवसायहरु तथा उत्पादनका क्षेत्रहरुको भ्रमण गराउने ।<br>४. कक्षामा स्थानीय जडिवुटी लगायतका उत्पादनहरु प्रदर्शन गर्ने ।<br>५. स्थानीय तथा आधुनिक प्रविधिको प्रयोग गरी उत्पादन गरीएका वस्तुहरुको उपयोग र फरक बारे जानकारी दिने । | १. पोस्टर तथा चार्ट<br>२. उत्पादन गरीएका सामग्रीहरुको नमुना वा वस्तु<br>३. विभिन्न स्थानीय जडिवुटीहरु वा चित्र<br>४. परम्परागत प्रविधि तथा उपकरणको भिडियो र चित्र । | १. पेसाको महत्व बताउनुहोस् ।<br>२. जिल्लास्तमा संचालित तालिमहरुको सूचि बनाउनुहोस् ।<br>३. आधुनिक तथा परम्परागत पेसा तथा प्रविधिहरुको फरक छुट्याउनुहोस् ।<br>४. तपाई बसोवास गरेका क्षेत्रमा उत्पादन गरीने सामग्रीहरु र उत्पादन गर्ने प्रविधिहरुको नाम लेख्नुहोस् ।<br>. | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | हाम्रा विकास कार्यहरु | १. जिल्लाका विकास कार्यहरुको सूचि बनाउन।<br>२. आफ्नो जिल्लाको शैक्षिक तथा भौतिक पूर्वाधारको विकास कार्यहरु बारे बताउन।<br>३. आफ्नो पालिका तथा जिल्लाको पर्यटन व्यवसाय र विकास बारे जानकारी लिन। | १. जिल्ला भित्र संचालित मुख्य मुख्य विकास आयोजनाको सूचि।<br>२. आफ्नो गाउँपालिकाको विकासले पारेको प्रभाव। (आफ्नो जिल्ला समेत)<br>३. गाउँपालिका र जिल्लास्तरमा संचालनमा रहेका महत्वपूर्ण विकासका आयोजनाहरुको विशेषता।<br>४. विकासका सम्भावनाहरु र यसले पर्यटन विकासमा पार्ने प्रभाव। | १. जिल्ला भित्र संचालनमा रहेका विकास कार्यको सूचि बनाउन लगाउने।<br>२. आफ्नो पालिका र जिल्ला भित्र संचालनमा रहेका आयोजनाहरुको भिडियो वा चित्र देखाइ त्यस्ता आयोजनाको महत्व बारे जानकारी दिने।<br>३. स्थानीय स्तरमा रहेका विकास आयोजनामा लगि भ्रमण गराउने।<br>४. विकास र पर्यटन बिचको सम्बन्ध बारे छलफल चलाउने। | १. विकासका पूर्वाधारहरुको सूचि<br>२. विकसित ठाउँको भिडियो<br>३. चित्र तथा पोष्टर | १. कुनै ३ विकास कार्यको सूचि बनाउनुहोस्।<br>२. स्थानीयहरुको जनजीवनमा विकासले पार्ने प्रभाव बारे लेख्नुहोस्।<br>३. तपाईको पालिकाले गरेका विकास कार्यहरुले पर्यटन व्यावसायमा खेलेको भूमिका बारे लेख्नुहोस्। | १८ |
| ४ | हाम्रा | १. हाम्रो प्रदेश भित्र मनाइने मुख्य मुख्य चाडपर्वहरुको | १. आफ्नो चाडपर्व भित्र मनाईने मुख्य मुख्य | १. चाडपर्व मनाउने तरिका सम्बन्धी भिडियो प्रदर्शन गर्ने। | १. भिडियो तथा डकुमेन्ट्री | १. तपाईको प्रदेशमा मनाईने कुनै ५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिचय दिन।<br>२. हाम्रा सामाजिक संस्कारहरु बारे बताउन।<br>३. हाम्रा मौलिक परिकार तथा पर्वहरु तथा पहिरन बारे जानकारी दिन। (सेलरोटी, खिर, माडा, खिचडी, गौरा, विसु आदि।)<br>४. हाम्रा प्रदेश अन्तरगत तराई र पहाडमा मनाइने चाडपर्वहरु र अन्य कार्यहरु बारे जानकारी दिन।<br>५. छिमेकी जिल्लास्तरमा प्रयोग गरीने वाजा, गीत, परिकारहरु तथा नृत्यमा सहभागिता हुन। | चाडपर्वहरु। (माघी, विसु, भुवा पर्व, होली आदि।)<br>२. सामाजिक संस्कारहरुको महत्व। जस्तैः विवाह, व्रतवन्ध, मृत्यु आदि।<br>३. चाडपर्व मनाउने तरिका तथा गरीने क्रियाकलापहरु बारे बर्णन गर्न।<br>४. हाम्रा भाषाभाषीहरु जस्तैः थारु, डोटेली<br>५. हाम्रा चाडपर्वहरुमा प्रयोग गरीने पहिरन, वाजागाजा र पकवानहरु। जस्तैः सेलरोटी, खिर, दौरासुरुवाल, चोली, दमाह, रुइसिंगा आदि। | २. फरक फरक चाडपर्वमा लगाउने पहिरन र परिकारको सूचि बनाउन लगाउने।<br>३. परम्परादेखि अवलम्बन गरीदै आएका संस्कारहरुको महत्व बारे जानकारी संकलन गर्न लगाउने।<br>४. तराई र पहाडमा मनाइने चाडपर्वहरुको विशेषताहरु लेख्न लगाउने।<br>५. आफ्ना प्रदेशस्तरमा मनाइने पर्वहरुका सकारात्मक पक्षहरु अवलम्वन र नकारात्मक पक्षहरु बारे सचेत पार्ने।<br>६. आफुलाई मनपर्ने पर्व सम्बन्धी गीत तथा कविता रचना गर्न लगाउने र कक्षामा गाउँन लगाउने। | २. चित्र तथा पोष्टर<br>३. अडियो गीत तथा भिडियो<br>४. पहिरन तथा वाजाका चित्र | चाडपर्वको नाम लेख्नुहोस्।<br>२. खखडेहरा पर्व कुन समुदायसँग सम्बन्धित छ ?<br>३. गौरा पर्व सम्बन्धी गीत लेख्नुहोस्।<br>४. आफ्नो स्थानीय भाषामा गीत गाउनुहोस्। | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सामाजिक ख्याती प्राप्त व्यक्तित्व | १. डडेल्धुरा जिल्ला भित्रका सामाजिक र राजनैतिक क्षेत्रमा ख्याती प्राप्त व्यक्तित्वहरुको पहिचान गरी सम्मान गर्न ।<br>२. डडेल्धुरा जिल्ला भित्रका सामाजिक र राजनैतिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुले समाजमा पुऱ्याएको योगदानको बारेमा बताउन । | १. डडेल्धुरा जिल्ला भित्रका राजनैतिक तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व ।<br>२. डडेल्धुरा जिल्ला भित्रका शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व<br>३. डडेल्धुरा जिल्ला भित्रका विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व | १. डडेल्धुरा जिल्लाको विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुको सूचि बनाउन लगाउने ।<br>२. डडेल्धुरा जिल्लाको विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुको जीवनी बारे छलफल गर्ने ।<br>३. डडेल्धुरा जिल्लाको विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुको जीवनीबाट शिक्षा लिई सामाजिक क्षेत्रमा योगदान पुऱ्याइ समाज विकासमा संलग्न हुने बारे जानकारी दिने । | १. ख्याति प्राप्त व्यक्तित्वहरुको फोटो<br>२. चित्र तथा तस्वीर<br>३. भिडीयो आदि ।<br>४. प्रेरणादायी भनाइहरु<br>५. योगदानको सूचि | १. राजनैतिक तथा सामाज परिवर्तनमा योगदान पुऱ्याउने कुनै एक व्यक्तिको जीवनी लेख्नुहोस् ।<br>२. प्रश्नोत्तर ।<br>३. सामाजिक व्यक्तित्वबाट के प्रेरणा पाउनु हुन्छ ? | ८ |
| ६ | हाम्रा प्राकृतिक | १. आफ्नो जिल्लाका ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाको परिचय दिन । | १.डडेल्धुरा भित्र रहेका ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सम्पदाहरु (अमरगढ किल्ला, | १. स्थानीय स्तरमा रहेक प्रमुख धार्मिक सम्पदाहरुको सूचि बनाई तिनीहरुको महत्वको बारेमा परिचय दिने । | १. चित्र तथा पोष्टर<br>२. भिडियो तथा डकुमेन्ट्री<br>३. राष्ट्रिय | १. अजयमेरु कोटका अन्तिम शासक को हुन ?<br>२. शुक्लाफाटा राष्ट्रिय निकुञ्ज कुन जिल्लामा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २. ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरुको सूचि बनाइ महत्व बताउन ।<br>३. आफ्नो प्रदेशका प्राकृतिक,ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको विशेषताहरु वताउन ।<br>४. आफ्नो प्रदेशमा रहेका प्राकृतिक,ऐतिहासिक तथा धार्मिक सम्पदाहरुले यस क्षेत्रको विकासमा पारेको प्रभाव । | अजयमेरु कोट, आलिताल, उग्रतारा ..)।<br>२. शुक्लाफाटा राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्ज, अजयमेरु कोट, अमरगढी किल्ला आदि र संरक्षणका उपायहरु<br>३. आफ्नो प्रदेश भित्र रहेका प्रमुख धार्मिक स्थल र ऐतिहासिक स्थलहरुका मुख्य मुख्य विशेषताहरु र यस क्षेत्रको विकास तथा पहिचानमा पारेको प्रभाव । | २. डडेल्धुरा जिल्लाको कुनै महत्वपूर्ण क्षेत्रको अवलोकन भ्रमण गरी प्रतिवेदन बनाउन लगाउने ।<br>३. आफ्नो प्रदेशमा रहेका प्राकृतिक सम्पदाहरुको सूचि बनाउन लगाई ती सम्पदाहरुको संरक्षणका उपायहरुको सूचि बनाउन लगाउने ।<br>४. सबै जिल्लामा रहेका प्रमुख धार्मिक स्थलहरुको नाम र जिल्लाको सूचि बनाउन लगाउने कुनै एकको मुख्यमुख्य पक्षहरु उल्लेख गर्न लगाउने । | निकुञ्जको सूचि | रहेको छ ?<br>३. प्रदेशस्तरमा रहेका सबै सम्पदाहरुको संरक्षणमा प्रदेश सरकारको भूमिका ५ वुँदामा लेख्नुहोस् । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | हाम्रो सुदूरपश्चिम | १. सुदूरपश्चिम प्रदेशका जिल्लाहरुको भौगोलिक वनावट र अवस्थिति।<br>२. प्रदेश भित्रका सबै पर्यटकीय स्थलहरु (हिमाल, आरक्षण, दरवार आदि।) को महत्व।<br>३. प्रदेश भित्रका औद्योगिक तथा व्यापारिक केन्द्रहरुको नाम।<br>४. प्रदेशस्तरका ताल तलैया, नदीनालाहरुको उदगम स्थलहरु र सहायक नदीहरु तथा हिमालहरुको सूचि बनाउन।<br>५. प्रदेशको संघीय तथा प्रदेश निर्वाचन क्षेत्रको विभाजन तथा संख्या। | १. सबैजिल्लाको भौगोलिक बनावट र विभाजन।<br>२. पर्यटकीय स्थलहरु (जस्तै हिमाल, आरक्षण, दरवार आदि।)<br>३. जिल्लागत औद्योगिक तथा व्यापारिक केन्द्रहरु।<br>४. प्रदेश भित्रका नदीनालाहरु जस्तैः महाकाली, चमेलीया र सेती।<br>५. प्रदेशका निर्वाचन क्षेत्र विभाजन। | १. प्रदेशकोको नक्सा प्रर्दशन गरी छलफल चलाउने।<br>२. प्रदेश भित्रका पर्यटकीय स्थलहरुको नाम सहित महत्व बारे अन्तरक्रिया गर्ने।<br>३. प्रदेशस्तरका ताल तलैया, नदीनालाहरु, तथा हिमालहरुको नाम लेख्न लगाइ स्थानहरु बारे जानकारी दिन समूह कार्य गर्ने।<br>४. प्रदेशको राजनैतिक तथा प्रशासनिक विभाजनको चार्ट प्रस्तुत गरी जानकारी दिने।<br>५. प्रदेशमा रहेका सबै जिल्लाको नाम तथा जिल्ला सदरमुकामको नाम लेख्न लगाउने। | १. नक्सा<br>२. चित्र र तस्वीरहरु<br>३. तालिका<br>४. भिडियो | १. सुदूरपश्चिम प्रदेशमा कति जिल्ला रहेका छन ?<br>२. सुदूरपश्चिम प्रदेशका कुनै ५ मुख्य पर्यटकीय स्थलहरुको नाम लेख्नुहोस्।<br>३. तराइका जिल्लाहरुको नाम लेखी मुख्य विशेषताहरु उल्लेख गर्नुहोस्।<br>४. सुदूरपश्चिम प्रदेशमा कति पहाडी जिल्ला रहेका छन् ? | २५ |
| ८ | विपद् व्यवस्थापन | १. विपद्को कारण पर्न सक्ने असरहरु उल्लेख गर्न।<br>२. विपद् व्यवस्थापनका विभिन्न संघस्थाहरु र | १. विपद् बाट पर्न सक्ने व्यक्तिगत, सामाजिक र मनोवैज्ञानिक असरहरु।<br>२. विपद् व्यवस्थापनका विभिन्न संघस्थाहरु र | १. विपद् सम्बन्धी चित्र वा भिडियो देखाई यसले निम्त्याउने समस्या बारे छलफल गराउने।<br>२. विपद व्यवस्थापनका पक्षमा कार्य गर्ने सरोकारवालाहरुसँग | १. भिडियो<br>२. चार्ट र तस्वीरहरु<br>३. सूची<br>४. हरित | १. मानवीय कारणले आउन सक्ने विपद्हरु उल्लेख गर्नुहोस्।<br>२. विद्यालयमा अपनाउनु पर्ने सुरक्षाका उपायहरु | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक्लबको भूमिका बताउन।<br>३. तिन तारे विद्यालयका आधारहरु पहिचान गर्न। | बालक्लबको भूमिका तथा संचालन गर्दै आएका कार्यहरु<br>३. तिन तारे विद्यालयसँग सम्बन्धीत पक्षहरु सरसफाइ, खानेपानी र सुरक्षा लगायत दिगोपनाका आधारहरु। | अन्तरक्रिया गर्ने।<br>३. तीन तारे विद्यालयका सूचकहरु प्रस्तुत गर्ने र छलफल चलाउने।<br>४. महामारिबाट बच्न अपनाउनुपर्ने पक्षहरु गाउँटोलमा समेत जानकारी दिने बारे जागरुक पार्ने।<br>४. बालमैत्री तथा अपाङ्गमैत्री संरचना तथा सुविधाका बारेमा जानकारी दिने। | विद्यालयको चित्र<br>५. श्रृव्यदृश्य सामग्रीहरु<br>६. तिन तारे विद्यालय व्यवस्थापनका सूचकहरु | लेख्नुहोस्।<br>३. विद्यालयको व्यवस्थापनमा बाल क्लवको भूमिका उल्लेख गर्नुहोस्।<br>४. फूलवारीका कुनै ५ महत्व लेख्नुहोस्। | ८ |

१०.३. विषयबस्तुको विस्तृतीकरण कक्षा ८

| क्रस | क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | अजयमेरुको परिचय | १. अजयमेरुको नक्सा बनाई मुख्य मुख्य ठाउँहरु देखाउन ।<br>२. अजयमेरुको सिमाना बताउन र प्राकृतिक सम्पदाको महत्व बारे प्रष्ट पार्न ।<br>३. अजयमेरु गाउँपालिकाको नामाकरणको ऐतिहासिक पक्ष बताउन ।<br>४. अजयमेरु र डडेल्धुरा जिल्लाको जनसंख्या तुलना । | १. अजयमेरुको नक्सा<br>२. अजयमेरुका छिमेकी पालिका (जिल्ला)<br>३. हाम्रा मुख्य मुख्य प्राकृति स्रोतहरु तिनको महत्व<br>४. पालिकाको वडागत जनसंख्या विभाजन तथा जनसंख्याको आधारमा सानो र ठुलो वडा | १. विद्यार्थीहरुलाई गाउँपालिकाको परिचय खुल्ने नक्सा कार्न अभ्यास र नमुना नक्सा प्रस्तुत गर्ने ।<br>२. पालिकाको सिमाना र छिमेकी पालिका बारे विद्यार्थीहरुबाट जानकारी माग्ने ।<br>३. प्राकृतिक स्रोतहरुको सूचि बनाउन लगाई तिनीहरुको अवस्थिति बारे भन्न लगाउने ।<br>४. अजयमेरु कोटको ऐतिहासीक पक्ष बारे जानकारी लिने र दिने ।<br>४. राष्ट्रिय जनगणना सम्बन्धी चार्ट प्रयोग गरी जनसंख्या बारे विस्तृतमा जानकारी दिई छलफल गर्ने । | अजयमेरु गाउँपालिकाको नक्सा तथा ऐतिहासिक पोष्टर र चित्रहरु<br>डडेल्धुरा जिल्लाको विभाजन तथा पालिकाहरुको नामको सूचि<br>राष्ट्रिय जनगणना सम्बन्धी जानकारी खुल्ने तालिका | १. अजयमेरुको इतिहास छोटकरीमा लेख्नुहोस् ।<br>२. यस गाउँपालिकालाई कति वडामा विभाजन गरीएको छ ? नाम सहित भन्नुहोस् ।<br>३. कुनै ६ प्राकृतिक सम्पदाको नाम लेख्नुहोस् ।<br>४. सबै भन्दा ठूलो र सानो वडा तथा पालिका छुट्याउनुहोस् । | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | हाम्रो आर्थिक क्रियाकलापहरु | १. पेसाले जीवनस्तरमा पार्ने व्याख्या गर्न ।<br>२. प्रदेशस्तरमा संचालित तालिमको सूचि वनाउनु ।<br>३. आफ्नो प्रदेशमा कृषि, पशुपक्षी, प्रकृतिक तथा औद्योगिक उत्पादन हुने प्रमुख क्षेत्र बारे जानकारी प्राप्त गर्न ।<br>४. प्रदेशस्तरमा पाइने तथा विभिन्न जडिवुटी तथा खनिज पदार्थ र पर्यटन व्यवसाय बारे जानकारी दिन ।<br>५. आफ्नो प्रदेशमा रहेका परम्परागत पेसा प्रविधि तथा आधुनिक उद्योगहरुको बारेमा भन्न । | १. पेसा व्यवसायहरुले जीवनस्तरमा पारेको प्रभाव तथा उपयोग<br>२. वारिङ्, सिलाइ कटाइ तथा बुनाइ, पशुपालन, कृषि उत्पादनका साथै बैदेशिक रोजगार सम्बन्धी । ( परम्परागत पेसा समेत)<br>३. तरकारी, फलफूल जुत्ता चप्पल उद्योगहरु तथा अन्य उत्पादन तथा विक्रि वितरण ।<br>४. पहाडी तथा हिमाली क्षेत्रमा पाइने जडिवुटीहरु तथा खनिज सम्भाव्यता तथा ठाउँहरु<br>५. ऐतिहासिक तथा धार्मिक र पर्यटकीय स्थलहरु र पर्यटन व्यवसायहरु । | १. पेसा व्यवसायले जीवनस्तरमा पारेको प्रभाव लेख्नलगाउने ।<br>२. तालिम लिई व्यवसाय अवलम्वन गरेका व्यवसायीहरुसँग छलफल अन्तरक्रिया गर्ने ।<br>३. स्थानीय जडिवुटीहरुको उत्पादन तथा प्रयोग बारे जानकारी माग्ने साथै कुन कुन स्थानमा पाइने बारे छलफल गर्ने ।<br>४. ऐतिहासिक तथा धार्मिक स्थलहरुले पर्यटन व्यवसायमा पुऱ्याउने योगदान बारे जानकारी दिने ।<br>५. आधुनिक तथा परम्परागत उपकरणहरुको प्रयोग गरी उत्पादित वस्तुहरुको भिडियो तथा चित्र प्रदर्शन गरी छलफल गर्ने । | १. चित्रहरु, चार्टहरु<br>२. सम्बन्धीत भिडियो<br>३. अडियो तथा भिडियो सम्वाद<br>४. स्थानीय जडिवुटीहरु वा चित्र | १. पेसाले जीवनस्तर सुधार्नमा कस्तो भूमिका खेल्छ ?<br>२. हिमाली क्षेत्रमा पाइने कुनै ५ जडिवुटीको नाम लेख्नुहोस् ।<br>३. औद्योगिक उत्पादित वसतुहरुको नाम लेख्नुहोस् ।<br>४. परम्परागत प्रविधिहरुको वर्तमान अवस्था तथा सम्भावना लेख्नुहोस् । | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | हाम्रा विकासका कार्यहरु | १. आफ्नो प्रदेश भित्रका विकास कार्यहरुको सूचि बनाउन।<br>२. आफ्नो प्रदेश भित्रका मुख्य मुख्य सडकहरुको नाम र दूरी बताउन।<br>३. आफ्ना प्रदेश भित्रका विकासका पूर्वाधारहरु (शिक्षा, स्वास्थ्य, खानेपानी आदि)।<br>४. आफ्नो प्रदेशमा विकासका पूर्वाधारहरुको सम्भावना। (शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, उद्योग, जडिवुटी आदि) | १. विमानस्थल, कलेज, विद्युत्त, अस्पताल आदि।<br>२. सडक मार्गहरु, जोड्ने ठाउँ र दूरी।<br>३. सदूरपश्चिम विश्वविद्यालय, सेती प्रादेशीक अस्पताल, गेटा आँखा अस्पताल, डडेल्धुरा अस्पताल, डडेल्धुराको भटमास उद्योग आदि।<br>४. विकास र पर्यटन। | १. आफ्नो प्रदेश भित्र रहेका विकास कार्यको सूचि बनाउन लगाउने।<br>२. आफ्नो प्रदेशमा रहेका सडकहरुको सूचि बनाउन लगाई तिनीहरुको लम्वाई र नामाकरण बारे जानकारि दिने।<br>३. डडेल्धुरा अस्पताललले प्रदान गर्ने सेवा बारे जानकारी दिदैं समाचार तयार गर्न लगाउने।<br>४. विकास र पर्यटन विचको सम्बन्ध बारे छलफल चलाउने। | १. विकासका पूर्वाधारहरुको सूचि<br>२. विकसित ठाउँको भिडियो<br>३. चित्र तथा पोष्टर<br>४. संस्थाहरुले प्रदान गर्ने सेवा कार्यको सूचि<br>५. सुदूरपश्चिम प्रदेशका मुख्ख मुख्य सडकको सूचि | १. प्रदेशस्तरका कुनै ३ मुख्य विकास कार्यको सूचि बनाउनुहोस्।<br>२. कुनै २ मुख्य सडकको नाम लेखी लम्वाइ समेत लेख्नुहोस्।<br>३. तपाईको पालिकामा रहेको अस्पताल कति सैय्या को हो ? | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | हाम्रा संस्कृति, परम्परा र मूल्यमान्यता | १. हाम्रो प्रदेश भित्र मनाइने मुख्य मुख्य चाडपर्वहरुको पृष्ठभूमि र महत्व बताउन । <br>२. आफ्नो प्रदेशस्तरमा मनाइने चाडपर्वहरु, संस्कार तथा पहिरन र नृत्यहरुमा सहभागी भई सम्मान गर्न । <br>३. सामाजिक तथा धार्मिक संस्कारहरुको महत्व तथा मनाउने तरिका बारे जानकार ।) <br>४. सामाजिक मूल्य मान्यताका नकारात्मक पक्षहरु बारे सचेत बनि निराकरणका उपायहरु बताउन । <br>५. आफ्नो प्रदेशस्तरका सांस्कृतिक विविधताको सम्मान गर्न । | १. चाडपर्वको महत्व र पृष्ठभूमि (ऐतिहासीक तथा धार्मिक) <br>२. सामाजिक संस्कार र चलनहरु जस्तैः नामकरण, विवाह, मृत्यु आदि । <br>३. गौरा पर्व, खखडेहरा, भुवा पर्व लगाएता पर्वहरु मनाउने तरिका तथा पहिरन र परिकार सम्बन्धी जानकारी । <br>४. सामाजिक मूल्य मान्यताकाको समाजमा सकारात्मक पक्षहरु र विकृत पक्षहरु । <br>५. सांस्कृतिक विवधता र एकता । | १. हामीले मनाउने चाडपर्वहरुको महत्व बताउन लगाउने । <br>२. सामाजिक संस्कारहरुको प्रदर्शन कक्षाकोठामा अभिनय गर्न लगाउने । <br>३. विद्यालयको विशेष अवसरमा स्थानीय पहिरन वा गीत प्रर्दशन गर्न लगाउने । <br>४. आफ्नो प्रदेशमा मनाइने फरक समुदायले मनाउने पर्व वा संस्कारको भिडियो कक्षामा देखाइ त्यसका राम्रा पक्षहरु बारेमा भन्न लगाउने । <br>५. हाम्रा सांस्कृतिक विविधताको सम्मान गर्ने बारे तराईको कैलाली जिल्लामा बसेको साथीलाई चिठी लेख्न लगाउने । | १. भिडियो तथा डकुमेन्ट्री <br>२. चित्र तथा पोष्टर <br>३. अडियो गीत तथा भिडियो <br>४. पहिरन तथा वाजाका चित्र <br>५. फिल्म आदि । | १. तपाईलाई मन पर्ने कुनै १ पर्वको बारेमा गीत रचना गर्नुहोस् । <br>२. गौरापर्वमा गरीने धार्मिक कार्य बारे लेख्नुहोस् । <br>३. कुनै दई वटा पर्वको नाम लेखी पर्व मनाइने महिना, परिकार र पोसाक बारे लेख्नुहोस् । | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सामाजिक ख्याति प्राप्त व्यक्तित्व | १. आफ्नो प्रदेश भित्रका सामाजिक र राजनैतिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुको पहिचान गरी सम्मान गर्न ।<br>२. आफ्नो प्रदेश भित्रका सामाजिक र राजनैतिक तथा खेलकुद क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुले समाजमा पुऱ्याएको योगदानको बारेमा बताउन । | १. आफ्नो प्रदेश भित्रका राजनैतिक तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व ।<br>२. आफ्नो प्रदेश भित्रका शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व<br>३. डडेल्धुरा जिल्ला भित्रका विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व | १. आफ्नो प्रदेशका विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुको सूचि बनाउन लगाउने ।<br>२. राष्ट्रिय स्तरका व्यक्तिहरुको सन्दर्भ प्रस्तुत गरी आफ्नो प्रदेशका विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुको जीवनी बारे छलफल गर्ने ।<br>३. आफ्नो प्रदेशका विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुको जीवनीबाट शिक्षा लिई सामाजिक क्षेत्रमा योगदान पुऱ्याइ समाज विकासमा संलग्न हुने बारे जानकारी दिने । | १. ख्याति प्राप्त व्यक्तित्वहरुको फोटो<br>२. चित्र तथा तस्वीर<br>३. भिडीयो आदि ।<br>४. प्रेरणादायी भनाइहरु<br>५. योगदानको सूचि<br>६. डकुमेन्ट्री | १. राजनैतिक तथा सामाज परिवर्तनमा योगदान पुऱ्याउने कुनै एक व्यक्तिको जीवनी लेख्नुहोस् ।<br>२. प्रशनोत्तर । | ८ |
| ६ | हाम्रा प्राकृतिक | १. आफ्नो प्रदेशका ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाको अवस्था र महत्व बताउन । | १.प्रदेश भित्र रहेका ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सम्पदाहरु (अमरगढ किल्ला, | १. प्रदेशस्तरमा रहेक प्रमुख धार्मिक सम्पदाहरुको सूचि बनाई तिनीहरुको महत्वको बारेमा लेख्न लगाउने । | १. चित्र तथा पोष्टर<br>२. भिडियो तथा डकुमेन्ट्री<br>३. राष्ट्रिय | १. अजयमेरु कोटका अन्तिम शासक को हुन ?<br>२. शुक्लाफाटा राष्ट्रिय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २. ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरुको पर्यटकीय महत्व बताउन ।<br>३. आफ्नो प्रदेशमा रहेका राष्ट्रिय सम्पदाहरुको सूचि बनाइ संरक्षणमा सरोकारवालाहरुको भुमिका बताउन। | अजयमेरु कोट, आलिताल, उग्रतारा, बझाङ दरवार ...)।<br>२. धार्मिक स्थल, प्राकृतिक सम्पदा (मुख्य ताल, नदी, वन, मन्दिर, राष्ट्रिय सम्पदाहरु)<br>३. आफ्नो प्रदेशमा रहेका राष्ट्रिय सम्पदाहरु, धार्मिक स्थलहरुको संरक्षणमा प्रदेश सरकार र स्थानीय सरकारको भूमिका (सरोकारवालाहरुको भुमिका) | २. प्रदेशस्तरमा रहेका मुख्यमुख्य सम्पाहरुले यस क्षेत्रको विकासमा पारेको प्रभावका साथै यिनीहरुले पर्यटन व्यावसायमा पुऱ्याएको योगदान बारे समूहमा छलफल कार्य गर्न लगाउने।<br>३. आफ्नो प्रदेशमा रहेका प्राकृतिक सम्पदाहरुको सूचि बनाउन लगाई ती सम्पदाहरुको संरक्षणका उपायहरुको सूचि बनाउन लगाउने<br>४. आफ्नो प्रदेशमा रहेका महत्वपूर्ण सम्पदाहरुको संरक्षणमा प्रदेश सरकारको भूमिका सूचि बद्ध गर्न लगाइ कक्षामा राख्ने। | निकुञ्जको सूचि | निकुञ्ज कुन जिल्लामा रहेको छ ?<br>३. प्रदेशस्तरमा रहेका सबै सम्पदाहरुको संरक्षणमा प्रदेश सरकारको भूमिका ५ वुँदामा लेख्नुहोस्। | १५ |
| ७ | हाम्रो | १. सुदूरपश्चिम प्रदेश र आफ्नो जिल्लाको नक्सा बनाइ मुख्यमुख्य ठाउँहरु | १. प्रदेशको भौगोलिक तथा राजनैतिक नक्सा।<br>२. पर्यटकीय स्थल तथा | १. सुदूरपश्चिमको नक्सा वनाउन लगाइ मुख्य मुख्य ठाउँहरु संकेत गर्न लगाउने। | १. नक्सा<br>२. नेपालको संविधान | १. सुदूरपश्चिम प्रदेशको नक्सा बनाई हिमाल पहाड र तराइ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | संकेत गर्न । २. प्रदेश भित्रका सबै पर्यटकीय स्थलहरु तथा यस्ता स्थलहरुको संवर्धन गर्ने उपायहरु तथा सामाजिक र आर्थिक क्षेत्रमा पार्ने महत्व तथा प्रभावहरु वताउन । ३. आर्थिक जनजीवनमा प्रदेश भित्रका औद्योगिक तथा व्यापारिक केन्द्रहरुको सम्भाव्य तथा चुनौतीहरु वताउन । ४. प्रदेशस्तरका ताल तलैया, नदीनालाको उपयोग तथा तिनीहरुले निमत्याउने जीखिम एव् सुरक्षाका उपायहरु वर्णन गर्न । ५. प्रदेशको प्रदेश सभा तथा प्रदेश कार्यपालिकाको परिचय र भूमिका बारे वर्णन गर्न । | तिनीहरुको महत्व र प्रभाव । ३. औद्योगिक स्थानहरु र तिनको सम्भाव्यता र प्रवर्धनका उपायका साथै संचालनका चुनौतीहरु । ४. प्रदेश भित्रका नदीनाला र ताल तलैयाहरुको उपयोग । ५. सुदूरपश्चिम प्रदेशको प्रदेश सभा तथा कार्यपालिकाको परिचय र भूमिका । | २. प्राकृतिक तथा ऐतिहासीक क्षेत्रहरुको अवस्था बारे जानकारी लिई पर्यटन विकासमा तिनीहरुको महत्व बारे जानकारि दिने । ३. सुदूरपश्चिमको विकासमा उद्योगधन्दाको भूमिका बारे छलफल संचालन गर्ने । ४. प्रदेश भित्रका ताल तलैया तथा नदीनालाहरुको उपयोग गरी विकासमा यिनीहरुको भूमिका बारे समूहमा लेख्न लगाई कक्षामा प्रदर्शन गर्न लगाउने । ५. प्रदेशको प्रदेश सभा र प्रदेश कार्यपालिका बारे खोजि गर्न लगाई कक्षामा प्रदर्शन गर्ने । | ३. चित्र तथा पोष्टर ४. श्रृव्यदृश्य सामग्रीहरु ५. भिडियो | छुट्याउनुहोस् । २. प्रदेश भत्रिका मुख्मुख्य ठाउँहरु लेख्नुहोस् । ३. सुदूरपश्चिमको विकासमा उद्योगधन्दाको भूमिका बारे लेख्नुहोस् । ४. ताल तलैया तथा नदीनालाहरुको उपयोगिता बारे भन्नुहोस् । ५. प्रदेश सभामा जम्मा कति जना माननीय रहने व्यवस्था छ ? | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | विपद् व्यवस्थापन र हरित विद्यालय | १. विपद्को कारण र विपद न्यूनीकरणका उपायहरु उल्लेख गर्न ।<br>२. प्राकृतिक र मानवीय कारणले आइपेने विपद र यसले सामाजिक तथा आर्थिक क्षेत्रमा पार्ने असर बताउन ।<br>३. तिन तारे विद्यालयको व्यवस्थापन र यसको दिगोपनका चुनौतीहरु भन्न । | १. विपदबाट बच्न तथा न्यूनीकरणका पूर्व सूचना प्रणालि ।<br>२. विपद् व्यवस्थापनका विभिन्न संघस्थाहरु र बालक्लबको भूमिका र प्रदेश सरकारको भूमिका ।<br>३. विपदले ल्याउने सामाजिक र आर्थिक पक्ष सम्बन्धी असरहरु ।<br>४. विपद अघि, विपदको वेला र विपद पछि निर्वाह गर्नुपर्ने भूमिका ।<br>५. तिन तारे विद्यालय निर्माणमा शिक्षक र विद्यार्थीको भूमिका र दिगोपनाका समस्याहरु | १. विपद् तथा जोखिम बारे छलफल गराउने ।<br>२. विपद व्यवस्थापनका पक्षमा कार्य गर्ने सरोकारवालाहरुको भूमिका र जोखिम व्यवस्थापनका विभिन्न अवस्थामा अपनाउनुपर्ने कदमहरु बारे छलफल चलाउने ।<br>३. महामारीको समयमा आइपर्ने समस्याहरु र समाधानका उपायहरु बारे जानकारी दिने ।<br>४. महामारिबाट बच्न अपनाउनुपर्ने पक्षहरु गाउँटोलमा समेत जानकारी दिने विद्यार्थीहरुलाई सरिक गराउने ।<br>४. तीन तारे विद्यालयका सूचकहरु को दिगोपनामा आइपर्ने चुनौति समाधानका बारेमा जानकारी दिने। | १. भिडियो<br>२. चार्ट र तस्वीरहरु<br>३. सूची<br>४. हरित विद्यालयको चित्र<br>५. श्रृव्यदृश्य सामग्रीहरु<br>६. तिन तारे विद्यालय व्यवस्थापनका सूचकहरु | १. बाढी पहिरो कस्ता प्रकोप हुन ?<br>२. सहरी क्षेत्रमा अपनाउनु पर्ने सुरक्षाका उपायहरु लेख्नुहोस् ।<br>३. महामारिको सरमयमा विद्यायको संचालन तथा व्यवस्थापनमा आइपर्ने समस्या र उपायहरु बताउनुहोस् ।<br>४. तीन तारे विद्यालयको दिगोपनामा विद्यार्थीको भूमिकाको सूचि बनाउनुहोस्। | ८ |

## ११. सिकाइ सहजीकरण क्रियाकलाप

हाम्रो अजयमेरुको पाठ्यक्रम अजयमेरुका साथै समग्र सुदूरपश्चिमका विभिन्न क्षेत्रलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको सिकाइ सहजीकरणमा सबै क्षेत्रलाई समान महत्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्दछ । यस विषयले व्यावहारिक सिकाइलाई जोड दिने हुँदा कक्षाभित्र वा बाहिर आआफ्नो गाउँ, टोल, समुदायहरूसँग सम्बन्ध राखी क्रियाकलापहरू गराउनुपर्दछ । यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहित गरी विद्यार्थीहरूलाई आफ्ना समुदायमा खोज गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गरिनुपर्दछ । यस अजयमेरु विषयको अध्ययनले विद्यार्थीहरूका विभिन्न सिर्जनाहरू जस्तै कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, फोटोमार्फत भाव अभिव्यक्त गरुन् भन्ने लक्ष्य राखेको छ । यी सबै सिपहरूको विकास गर्न विद्यार्थीहरूलाई आफ्ना रुचिअनुसारका सिपहरूको विकास गर्न प्रोत्साहित गर्नुपर्छ । विद्यार्थीहरुलाई आफ्नो प्रदेशका सामाजिक, ऐतिहासिक तथा प्राकृतिक र धार्मिक पक्षहरुको खोजि गर्न लगाउने र ती पक्षहरुबारे साक्षात्कर गराउने लक्ष पनि लिइएको छ । यसका निम्ति शिक्षकद्वारा निर्मित वार्षिक शैक्षणिक कार्ययोजना, त्रैमासिक योजना, एकाइ योजना र दैनिक पाठयोजनाको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई क्रियाकलापमा आधारित रही गरेर सिक्ने वातावरण र अवसर तयार गर्नु पर्दछ भन्ने सोच र चिन्तनको अभिवृद्धि गराउनु नै यसको मूल लक्ष्य हो । यो विषय अध्यापन गर्दा प्रयोग गर्न सकिने केही सम्भावित विधिहरू तल दिइएका छन् तर यी नमुना मात्र भएकाले शिक्षकले परिस्थितिअनुकूल विधिहरू छनोट गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

यी सिपहरूको विकासका लागि सबै विद्यार्थीहरूलाई एकै खालको सहजीकरणले सम्भव नहुन पनि सक्छ । त्यसैले उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ । यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको अभिवृद्धि गराउनु सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । बालबालिका आफैले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले हाम्रो अजयमेरुको विषयमा सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य इत्यादि । समालोचनात्मक चिन्तन सिप विधि पछिल्लो समयमा विकास गरिएको विधिका रूपमा लिइन्छ । यसअन्तर्गत मष्तिष्क मन्थन (brain storming), सङ्गठित सिंहावलोकन (structure overview), जिग्स (jig-saw), शब्दार्थ चित्र (semantic map), जोडीमा पढाइ र जोडीमा सारांश (paired reading-paired summarizing), मान्यता रेखा (value line) जस्ता तरिकाहरू आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ । जुनसुकै क्रियाकलाप गराउदा

पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरू आफैलाई कुनै कुनै समस्या समाधान गर्न गाऱ्हो तथा अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्वारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ ।

**१२. विद्यार्थी मूल्याङ्कन**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्यमान्यताको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो र यसलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा लिइनुपर्दछ । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक साधनहरुको प्रयोग गर्नुपर्छ । आन्तरिक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ । निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा आन्तरिक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

**क) आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio)

व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ

| **क्रस** | **मूल्याङ्कनका पक्ष** | **भार** |
|---|---|---|
| **१** | **सहभागिताः कक्षामा उपस्थिति, कक्षा कार्यमा सहभागिता** | **४** |
| **२** | **प्रयोगात्मक/परियोजनात्मक कार्य** | **३६** |
| **३** | **त्रैमासिक परीक्षा** | **१०** |
| | **जम्मा** | **५०** |

**आन्तरिक मूल्यांकनमा साधन र प्रयोग**

| **क्रस** | **साधन** | **प्रयोग** |
|---|---|---|
| **१** | **रुब्रिक्स र श्रेणी मापन** | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको वास्तविक मूल्याङ्कन (बगतजभलतष्अ बककभकककभलत) गर्नका लागि रुब्रिक्स तथा श्रेणी मापनको विकास गरी प्रयोग गर्नपर्छ । |
| **२** | **व्यवहार अवलोकन फारम** | विज्ञान प्रक्रियागत सिपहरूको मूल्याङ्कन, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने वैज्ञानिक अभिव्यक्ति, व्यवहारकुशल सिपको मापन गर्न रुजुसुची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम प्रयोग गर्न सकिन्छ । |
| **३** | **शिक्षक अभिलेख** | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तरका, प्रदर्शित व्यवहारकुशल सिपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षक नोटमा व्यक्तिगत रूपमा अभिलेख राख्नु पर्नेछ । |
| **४** | **एकाइ तथा त्रैमासिक परीक्षा** | एकाइ पश्चात तथा प्रत्येक त्रैमासिक रूपमा सबै तहका प्रश्नहरू समावेश गरी विद्यार्थीको ज्ञान र सिपहरूको मूल्यांकन गर्न सकिन्छ । |
| **५** | **मौखिक प्रश्नोत्तर** | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू, यसलाई अभिलेखीकरण गर्नु पर्ने भएमा शिक्षक नोटमा उल्लेख गर्नुपर्ने छ |

**ख) आवधिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ ।

## लेटर ग्रेडिङ निर्देशिका, २०७८

विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङ

ग्रेड निर्धारण : (१) विद्यालय शिक्षा (कक्षा १-१२) मा लेटर ग्रेडिङ लागु गर्न देहाय बमोजिम ग्रेड निर्धारण गरिनेछ,-

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

पाठ्यक्रम निर्माण कार्यदल

१. श्री लालबहादुर सेटी शिक्षा अधिकृत अजयमेरु गाउँपालिका

२. श्री हरि प्रसाद पन्त प्रास अजयमेरु गाउँपालिका

३. श्री देवराज पनेरु शिक्षक श्री सहस्रलिंग मावि चमडा

४. श्री करुणाकर पनेरु शिक्षक श्री देवल मावि देवल

५. श्री श्यामराज पाण्डेय शिक्षक श्री बालकल्याण मावि पुइलेक